**बैठक नं.७२**

आज मिति २०७७/०९/२३ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ११:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | मित्रमणि खनाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

चिन बहादुर गुरुङ - का.वा. वडाध्यक्ष —

प्रस्ताव नं.७२.१

**भुमि सम्बन्धी समस्या समाधान आयोगका काम कारवाहीहरु अगाडि बढाउने सम्बन्धमा ।**

निर्णय नं. ७२.१

भुमिहिन दलित, भुमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने कार्यको प्रकिया अगाडि बढाउनका लागि कार्यालयबाट तयारी भई आएको कार्ययोजना आजको वैठकमा प्रस्तुत भई जानकारी भयो । यस अघि कार्यालयबाट केही जग्गाको लगत लिई अभिलेख व्यवस्थापन गर्ने सम्मको काम भएको हुदा सो समेतलाई आधार मानी नापजाँच भएका जग्गाहरुको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र अभिलेख तयार नभएकाको हकमा क्रमशः कार्यान्वयन गर्दै जाने गरी पेश भएको प्रस्तावित कार्ययोजना मुताविकका कार्यहरु समानिकरण अनुदान अन्तर्गत लक्षित समूहका लागि विनियोजित विभिन्न वजेट शीर्षकहरु मध्ये सम्झौता भै कार्यान्वयनमा गई सकेको बाहेकका कार्यक्रमहरुको रकम भुमि सम्बन्धी समस्या समाधान आयोग संग सम्बन्धित नगरले गर्नुपर्ने कार्यहरुमा खर्च गर्ने गरी सोही बमोजिम शीर्षक कायम गरी कार्यान्वयन गर्ने तथा प्रस्तावित कार्ययोजना परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो । साथै उल्लेखित कार्य प्रकिया अगाडि बढाउने सन्दर्भमा कार्यविधि, २०७७ को दफा ३ को उपदफा (१) को 'घ' मा भएको व्यवस्था बमोजिम कार्यपालिका सदस्य क्रमशः माया बराल विश्वकर्मा र विमलादेवी श्रेष्ठलाई र सोही दफा ३ को उपदफा १ को 'ङ' मा भएको व्यवस्था बमोजिम वडा नं.१३ निवासी श्री शोभाखर पोखरेल र वडा नं.११ निवासी जित कुमारी खत्रीलाई नगरस्तरीय सहजिकरण समितिको सदस्य पदमा मनोनयन गर्ने गरी मिति २०७७।९।२० मा भएको प्रमुखस्तरीय निर्णयलाई समर्थन गरियो ।

प्रस्ताव नं.७२.२

**स्वरोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. ७२.२

प्रधानमन्त्री रोजगार कार्यक्रमका सन्दर्भमा देहाय बमोजिम गर्ने :

१. नेपालको संविधानको धारा ३३ (रोजगारीको हक),रोजगारीको हक सम्वन्धी ऐन, २०७५, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७, बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ कामका लागि पारिश्रमिकमा आधारित रोजगार कार्यक्रम (संचालन तथा व्यवस्थापन), कार्यविधि २०७७ का प्रावधानहरु बैठकमा जानकारीको लागि प्रस्तुत भयो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आ.व. २०७७/०७८ का लागि सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण सहित वडागत तथा समष्टिगत विवरण र केन्द्रवाट आ.व. २०७७/०७८ मा बिनियोजित गरिएको सर्शत अनुदान रु. २,४६,८३,०००।- को बारेमा जानकारी भयो ।

३. आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित रोजगार कार्यक्रमको लागि वडावाट नगरकार्यपालिकाको कार्यालयमा पठाइएको

आयोजनाहरुको विषयमा छलफल गरी उक्त आयोजनाहरु कामका लागि पारिश्रमिकमा आधारित रोजगार कार्यक्रम कार्यविधि २०७७ मा आधारित भई आवश्यक परिमार्जनका साथ सबै वडा कार्यालयले निर्णय गरी मिति २०७७/९/२६ गते भित्र रोजगार शाखामा योजना पेश गर्न निर्णय गरियो ।

**प्रस्ताव नं.७२.३ विविध ।**

**प्रस्ताव नं. ७२.३.१**

**७ नं. वडा कार्यालय स्थानान्तरण सम्बन्धमा ।**

**निर्णय नं. ७२.३.१**

मिति २०७७।०७।२६ मा वडा कार्यालय वडा नं.७ ले आयोजना गरेको वडा स्तरीय सर्वपक्षीय भेला सिद्धेश्वर लालकुमारी माध्यमिक विद्यालयको प.सं.०७७।०७८ च.नं.१५३ मिति २०७७।०८।२६ को पत्रसाथ प्राप्त विद्यालय व्यवस्थापन समितिको निर्णय, मिति २०७७।०८।२९ को ७ नं. वडा कार्यालयको निर्णय र सिद्धेश्वर लालकुमारी माध्यमिक विद्यालय बुटवल-७ रुपन्देहीको प.सं.०७७।०७८ च.नं. १८० मिति २०७७।०९।१२ को पत्रसाथ प्राप्त मिति २०७७।०८।२४ को विद्यालय व्यवस्थापन समितिको निर्णय समेतका आधारमा बुटवल उपमहानगरपालिका वडा नं. ७ को वडा कार्यालय भवन सिद्धेश्वर लाल कुमारी मा.वि. ले प्रयोग गर्ने र साविक दिप प्रा.वि. को भवनमा वडा नं.७ को वडा कार्यालय राखि कार्य संचालन गर्ने गरी सहमति भएको देखिएकोले पछि अर्को व्यवस्था भएपछि सोही बमोजिम हुने गरी विद्यालय र वडावासीहरुको सुविधा समेतलाई समेत मध्यनजर राखि भएको सहमतिलाई समर्थन गरियो ।

**प्रस्ताव नं. ७२.३.२**

**ढुवानीग्राम निर्माण आयोजनाको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ७२.३.२**

बुटवल उपमहानगरपालिका र रुपन्देही परिवहन प्रा.लि. वीच ढुवानीग्राम आयोजना निर्माण, संचालन तथा हस्तान्तरण गर्न मिति २०७६।०९।०७ मा सम्झौता भए बमोजिम हाल सम्म जम्मा ४९ वटा सेड निर्माण हुनुपर्नेमा कोरोना महामारीको प्रभावका कारण जम्मा २२ वटा मात्रै सेडहरुको निर्माण कार्य सम्पन्न भएको र सम्झौता बमोजिमको निर्माण कार्यको म्याद २०७७ पौष मसान्तसम्ममा बाँकी सेड निर्माण सम्पन्न गर्न नसकिने भएकोले निर्माण अवधि ६ महिना थप गरिदिन रुपन्देही परिवहन प्रा.लि. बाट समेत अनुरोध भई आएको हुँदा उक्त परियोजनाको निर्माण अवधि २०७८ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७२.३.३**

**घरबहाल भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ७२.३.३**

बुटवल उपमहानगरपालिकाको मुख्य शहरी क्षेत्रभन्दा बाहिर अर्थात तिनाउ पारी रहेका भुगोल र जनघनत्वका हिसावले समेत दोस्रो ठूलो मानिएका र मुख्य राजमार्गको उत्तर-दक्षिणमा अवस्थित वडा नं.१२ र १३ लाई पायक पर्ने गरी नयागाउँमा प्रहरी चौकी स्थापना गरी संचालनमा रहेको छ । प्रहरी चौकी स्थापना गर्दा नै बुटवल उपमहानगरपालिकाले भाडा उपलब्ध गराउने सहमति भएको हुँदा मिति २०७६ वैशाख देखि ०७७ आषाढ महिना सम्मको मासिक रु.२५०००।-(पच्चीस हजार) का दरले हुने १५ महिनाको जम्मा वहाल रकम रु.३७५०००।- (तीन लाख पचहत्तर हजार) उपलब्ध गराई दिन भनि वडा कार्यालय वडा नं.१२ र १३ का वडाध्यक्षहरुबाट च.नं.३०३५ मिति २०७७०३।२३ को संयुक्त सिफारिस समेत प्राप्त भएको छ । जनघनत्व र सवारी चाप लगायतका विविध कारणहरुले गर्दा उक्त स्थानमा प्रहरी चौकी आवश्यक समेत भएको हुँदा पेश भए बमोजिमको रु.३७५०००।- घरवहाल रकम चालु भैपरी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।